"शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधार: बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
(राजस्व तथा आर्थिक प्रशासन महाशाखा)
(Revenue & Financial Administration Division)
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No.1, Nepal
फोन: ०२५-५२०४०७, ५२०८१३
एक्स्टेन्सन: २०८, २०९
फ्याक्स: ०२५-५२१९९१

**धरान २०, स्थित सालबोटे पहिरोबाट सर्दु खोलामा थुप्रिएको डेब्रिस (बोल्डर, ग्राभेल, स्याण्ड सिल्ट आदि) हटाउने सम्बन्धमा**

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७।०९।२६)

ठेक्का नं. **NCB/Rev./4/14157**

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

धरान उपमहानगरपालिका वडा नं. २०, सालबोटे पहिरोको जोखिम् न्यूनिकरणको लागि राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको चालु आर्थिक वर्ष २०७७/०७८ को रिटेनीङ वाल निर्माणको कार्य गर्न सालवोटे पहिरोबाट सेउती खोलामा रहेको डेब्रिज तत्काल हटाउनु पर्ने भएको हुँदा यस कार्यालयको मिति २०७७/९/२३ को निर्णय अनुसार सो स्थानमा रहेको ३७४०८ घ.मि. **डेब्रिस (बोल्डर, ग्राभेल, स्याण्ड सिल्ट आदि)** बिक्रिको लागि ठेक्का बन्दोबस्तबाट गर्नुपर्ने भएको हुँदा सम्बन्धित निकायबाट इजाजत प्राप्त गरी मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजको अधिनमा रही बोलपत्र फाराम यस कार्यालयबाट खरिद गर्न र ३१ औं दिन दिउँशो १२.०० बजेसम्म सिलबन्दी बोलपत्र दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

### शर्तहरुः

१. बोलपत्र फाराम रु. ३०००/-(तीन हजार मात्र । फिर्ता नहुने गरी ।) राजस्व नीति तथा प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ ।

२. न्यूनतम् कबुल अंक रु. ७९,२६,३८१/१२ (रुपैयाँ उनासी लाख छब्बीस हजार तीन सय एकासी पैसा बाह्र मात्र) (मूल्य अभिवृद्धि कर बाहेक) निर्धारण गरिएको छ ।

३. बोलपत्र दर्ता गर्दा बोलपत्रदाताको नाम, ठेक्का नं. र विषय सिलबन्दी खामको बाहिरपट्टी नाम प्रस्ट बुझिने गरी लेख्नु पर्नेछ।

४. सिलबन्दी बोलपत्र फारामसाथ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, सम्बन्धित निकायमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर सहितको PAN को प्रतिलिपी, आफ्नो ठेगाना भएको स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र र आर्थिक वर्ष २०७६/०७७ को आयकर चुक्ता प्रमाण पत्र समेत संलग्न राखी पेश गर्नु पर्नेछ।

५. बोलपत्र धरौटी वापत आफूले कबुल गरेको अंकको पाँच (५) प्रतिशत रकम यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, धरान शाखाको धरौटी खाता नं. २१६०१००३०३००००००२ मा नगद जम्मा गरी सोको दोस्रो प्रति सक्कल भौचर पेश गर्नु पर्ने वा सोही रकम बराबरको क वर्गको बैंकद्वारा यस उपमहानगरपालिकाको नाममा जारी गरिएको बोलपत्र फाराम बुझाउने अन्तिम दिनबाट कम्तीमा १२० (एकसय बीस) दिनसम्म म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) सक्कलै पेश गर्नु पर्नेछ।

६. यो सूचना बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस उपमहानगरपालिकामा निहित रहने छ।

७. बोलपत्र स्वीकृत भई सोको जानकारी प्राप्त भएको १५ (पन्ध्र) दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा उक्त **बोलपत्रदाताको धरौटी जफत गरी त्यस पछि बढी कबुल गर्नेलाई दिने प्रकृया** नियमानुसार कारवाही अगाडि बढाइनेछ।

खगेन्द्रप्रसाद खतिवडा
राजस्व तथा सूचना अधिकृत

विदुरप्रसाद खनाल
प्रशासकीय अधिकृत

८. ठेक्का स्वीकृत भएपछि नगरपालिलकाले दिएको निर्देशन तथा राष्ट्रपती चुरे-तराई मधेश संरक्षण विकास समिति, खुमलटार ललितपुरेले श्री विपद व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय सुनसरीमा पेश गरेको **"सालबोटे पहिरो धरान क्षेत्र र जोखिम न्यूनीकरणको लागि Debris थुपार्न हटाउनु पर्ने सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन, २०७७"** बमोजिमको स्थानबाट डेब्रिस हटाउन शुरु गर्नु पर्नेछ साथै सो हटाउने कार्य बढिमा २ महिना भित्र सक्नु पर्नेछ ।

९. सम्बन्धित ठेकदारले बुझाउनु पर्ने ठेक्का रकम कार्यालयमा दाखिला गर्दा वा ठेक्का वापतको जमानत गर्दा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर समेत बुझाउनु पर्नेछ।

१०. यस ठेक्काको सन्दर्भमा कुनै पनि स्थानीय तह वा नेपाल सरकारलाई कुनै पनि किसिमको कर, दस्तुर, शुल्क बुझाउनु पर्ने भएमा सो बुझाउने दायित्व ठेकेदारकै हुनेछ।

११. ठेक्का सम्झौता भइसकेपछि बीचमा कुनै कारण देखाई छोड्न पाइने छैन।

१२. ठेक्का स्वीकृत भएपछि एकमुष्ट रकम बुझाउंदा १० प्रतिशत छुट दिइनेछ।

१३. किस्ताबन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम बराबरको **"क"** वर्गको बैंकबाट जारी भएको घटीमा ६ (छ) महिना अवधि भएको फरफरमेन्स बण्ड बुझाई ठेक्का रकम दुई किस्तामा बुझाउन सकिनेछ। किस्तामा बुझाउनका लागि पहिलो किस्ता ५० प्रतिशत र मूल्य अभिवृद्धि करको पूरै रकम, दोस्रो किस्ता ५० प्रतिशत गरी बिभाजन गरिनेछ। यसरी बुझाउँदा पहिलो किस्ता सम्झौता गर्दाकै बखतमा, दोस्रो किस्ता कायदिश दिएको मितिले १ महिना भित्र चुक्ता गर्नु पर्ने छ ।

१४. तोकिएको समयमा किस्ता रकम नबुझाएमा प्रचलित कानून अनुसार जरिवाना गरिने र परफरमेन्स बण्डबाट ठेक्का रकम असूल उपर गरिनेछ।

१५. ठेक्का सकार गर्ने ठेकेदारले उपमहानगरपालिकाले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखेर मात्र प्रयोग गर्नु पर्नेछ। प्रमाणित नगरिएको रसिदबाट उठाएको पाइएमा नियमानुसार कानुनी कारवाही गरिनेछ। साथै रसिदको नमुना कार्यालयबाट उपलब्ध गराइने छ।

१६. उपमहानगरपालिका वा अनुगमन गर्न अख्तीयार प्राप्त निकायबाट अनुगमन हुँदा विक्रि रसिद नदिई विक्रि गरेको पाईएमा ठेकेदारलाई आर्थिक जरीवाना वा ठेक्का भंग गर्ने सम्मको कारवाही गर्न सकिनेछ ।

१७. सम्बन्धित कर संकलनका लागि उपमहानगरपालिकाले तोकिएको स्थान बाहेक अन्य स्थानबाट ढुंगा, गिटी, बालुवा उत्खनन गरी बिक्री गर्न वा त्यसको शुल्क उठाउन पाइने छैन।

१८. तोकिएको स्थान र परिमाणभन्दा बढी उखनन् गरी बिक्री गरेमा सोबाट हुने हानी नोक्सानी ठेकेदारबाट भराइने तथा ठेक्का रद्द गर्न सक्ने सम्मको कारवाही गरिनेछ।

१९. तोकिएको स्थानमा कुनै विवाद वा समस्या उत्पन्न भएमा सो नाकाको लागि मात्र छुट्टै निर्णय गर्न सकिनेछ ।

२०. बोलपत्र धरौटी वापत नगदै जम्मा गरिएको भएमा उक्त रकम एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइने छैन।

२१. तोकिएको रकम संकलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्षबीच आपसी छलफलद्वारा समाधान गरिने छ। त्यस्तो छलफलबाट सहमति हुन नसकेमा उपमहानगरपालिकाको निर्णय अन्तिम हुनेछ। उक्त निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ।

२२. डेब्रिस उत्खनन गर्दा प्रचलित कानुन तथा नगरपालिकाले दिएको निर्देशन पालना गर्नुका साथै प्राविधिकले दिएको प्रतिवेदनको प्रतिकुल असर नहुने गरी मात्र उत्खनन गर्नुपर्ने छ।

२३. नगर क्षेत्रमा माल स्टक गरी विक्रि वितरण गर्नु पर्ने भएमा कायदिश पाएको पन्ध्र दिनभित्र सो माल स्टक गर्ने जग्गाको जग्गाधनी पूर्जाको फोटोकपी, जग्गाको नक्सा, जग्गाधनीसंग गरेको सम्झौताको फोटोकपी, जग्गाको चारै तर्फ देखिने गरि लिएको फोटोहरु पेश गरी स्वीकृतीको लागि माग गर्नु पर्नेछ। आवश्यकता र उपयुक्तताको आधारमा मात्र उपमहानगरपालिका कार्यालयबाट स्टक गर्ने स्थानको स्वीकृती प्राप्त गरे पछिमात्र माल स्टक गर्न पाईनेछ। स्टक माल प्रमाणितको लागि कायदिश पाएको मितिले २ महिनाभित्र परिमाण खुलाई स्टक प्रमाणित गराई पत्र लिई सक्नु पर्नेछ। स्टक प्रमाणित नभएको मालको विक्रि वा ओसारपसार गर्न पाईनेछैन। स्टक प्रमाणित नगरेको वा प्रमाणित भन्दा बढि परिमाणमा रहेको माल उपमहानगरपालिकाले ले जफत गरी कानून अनुसार कारवाही गर्नेछ ।

खतिवडा
राजस्व तथा सूचना अधिकृत

विदुरप्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत

२४. बोलपत्र फाराममा कबुल गरेको अंक वापतको रकम यस उपमहानगरपालिकालाई बुझाउँदा चेक मार्फत कारोवार गर्न पाइने छैन। कार्यालयले उपलब्ध गराएको बैंक खातामा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ।

२५. गत विगत वर्षमा यस उपमहानगरपालिकालाई ठेक्का रकम तिर्न बाँकी बक्यौता रहेको फर्म वा कम्पनीले यो सूचना बमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन।

२६. पेश भएका सिलबन्दी बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २.०० वजे यसै कार्यालयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिति नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

२७. बोलपत्र फाराम दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा ती कामहरु त्यसपछि कार्यालय खुलेको दिन हुनेछन्।

२८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने, मूल्यांकन गर्ने, सम्झौता गर्ने तथा कायदिश दिने सम्बन्धि अन्य व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून अनुसार हुनेछ ।

२९. उपमहानगरपालिकाले पालना गर्नु पर्ने न्यूनतम् शर्तहरु पुरा नगरेको कारणले ठेकेदारले तोकिएको शुल्क उठाउन नसकेको अवस्थामा वाहेक ठेक्का रकममा कुनै प्रकारको मिनाहा वा छुट दिईनेछैन ।